Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# दहचोकको ऐतिहासिक तथा पर्यटकीय महत्त्व

**डा. बमबहादुर अधिकारी**

इमेल : adhikaribambahadur@gmail.com

Doi: https://doi.org/10.3126/hisan.v10i1.74920

## सार

*प्रस्तुत लेख काठमाडौं जिल्लाको सदरमुकाम नेपालको राजधानी शहर काठमाडौंदेखि १२ कि.मि. पश्चिम चन्द्रागिरि न.पा. को वडा नं. १ मा अवस्थित चौकेटार दहचोकगढी एक ऐतिहासिक किल्ला एवं नेपाल एकीकरणकालीन महत्त्वपूर्ण खलङ्गाको ऐतिहासिक तथा पर्यटकीय महत्त्वको विविध पक्षको विश्लेषणसँग सम्बन्धित छ । हाल यो खलङ्गाको वरपर साविक दहचोक गा.वि.स. का ७७० घरधुरी रहेका छन् । यो दहचोकगढीको निर्माण कार्य पृथ्वीनारायण शाहद्धारा काठमाडौं उपत्यकालगायत वरपरका क्षेत्रहरूसँगै ललितपुर, भक्तपुर विजय गर्ने र अंग्रेजसँगको प्रत्याक्रमण गर्ने हेतुले गरिएको थियो । गोरखाले त्यहाँ गढी निर्माण गर्नु केही समय पूर्व दहचोक इलाकामा पुराना गढीहरू पनि रहेका थिए । आज दहचोक क्षेत्रमा भत्केका पुराना कैयौं गढीहरूका अवशेषहरू प्राप्त भएका छन् । भक्तपुरको मूलकोटगढी, रानीकोटगढी, फुलबारीकोट, पलाञ्चोकगढी, काभ्रेको तिमालकोट, काभ्रेगढी र पृथ्वीगढी, सिन्धुपाल्चोकको साँगाचोकगढी, लिस्तिकोट, काठमाडौंको थामडाँडा, वानासुर र भष्मासुरगढी, दुगुनागढी, चितवनको कविलासपुरगढी सोमेश्वरगढी र उपरदाङगढी, ललितपुरको फूलचोकीगढीहरूको तुलनामा दहचोकगढी उत्कृष्ट गढी थियो । वास्तवमा दहचोकगढी, गोरखालीहरूको युद्धभ्यास भएको नुवाकोटको दरबारगढी नेपाल-अंग्रेज युद्धमा उपयोग गरिएको उपत्यका छिर्ने चिसापानीगढी, मकवानपुरगढीको मातहतमा रहेको बारागढी, पर्सागढी र समनपुरगढी, गोरखालीहरूको अंग्रेजसँग युद्ध भएको सिन्धुलीगढी भन्दा पनि महत्त्वपूर्ण गढीको रूपमा रहेको थियो । बाडभञ्ज्याङ्गको माथिल्लो भागमा रहेको दहचोक उपत्यका छिर्ने निकै महत्त्वपूर्ण नाकाको रूपमा रहीआएको छ । हाल वर्तमान नेपाल सरकारले दहचोकगढीलाई एउटा मनमोहक पर्यटकीय तथा ऐतिहासिक स्थलको रूपमा हेरेको छ ।*

*हाल इन्द्रदह रहेको स्थानबाट लगभग २ कि.मि. पूर्वको डाँडाको जंगलभित्र किल्लाहरू रहेका छन् । यही गढीभन्दा तलको भू-धरातलमा स्वीट्जरल्याण्ड पार्कको निर्माण गरिएको छ । यहाँको वन दुर्गबाट उपत्यकाको अधिकांश रमणीय भू-भागहरू देख्न सकिन्छ । यस गढीलाई चारैतर्फबाट रामकोट, भीमढुङ्गा, बाडभञ्ज्याङ र इन्द्रदहले शोभायमान बनाएका छन् । उनले चाहेअनुसार डाँडा-डाँडाका किल्ला गढीहरूमा जनताको बसोवासस्थल बनाएर तीन शहरका समथर भू-भागमा सघन कृषि व्यवसाय सञ्चालन गर्नु रहेको थियो । तर वर्तमान समयमा तीन शहरमा घरै-घर निर्माण भएर सुख्खा खण्डहर भएको छ । यसको ऐतिहासिक तथा पर्यटकीय महत्त्वमाथि चर्चा गर्नु यस लेखको मुख्य ध्येय रहेको छ ।*

***शब्दकुञ्जि :*** गढी, किल्ला, खलङ्गा, दहचोक, इन्द्रदह, कालु पाँडे, युद्धभ्यास, सैनिक टुकडी, पृथ्वीनारायण शाह ।

## दहचोकको परिचय

राष्ट्र निर्माता पृथ्वीनारायण शाहकै भाषामा-"तिन सहर भन्याको चिस्व ढुंगो रहेछ षेलषाल मात्रै रहेछ मेरो मनसुवा ता दहचोक मा दरवार वनाउला र चौ दिशा थर घर को गुरु प्रोहित भैयाद भारादार मिर उमराउको

घर बनाई छुट्टा दरवार बनाउला र ई तिन सहर बाट स्वष सयल लाई मात्रै जाला भन्या यस्तो अविलाषा थियो" (अधिकारी, २०७८ : ६०४-६०५) । दहचोकडाँडा आज एक पर्यटकीय दृष्टिकोणले पनि रमणीयस्थल रहेको छ । यस दहचोकगढीको पूर्वतर्फ रहेको रामकोट, दक्षिणतिरको चन्द्रागिरि हिल अत्यन्त प्रशिद्ध ऐतिहासिक र पर्यटकीय स्थानहरू छन् भने पश्चिमतर्फको भीमढुङ्गा र उपत्याकाको पश्चिमी गेट एवं प्रवेशद्धार मानिएको बाडभञ्ज्याङ क्षेत्र पनि निकै रमणीय छ । दहचोक खलङ्गाको लागि उपयुक्त किल्ला थियो भन्ने कुरा आज पनि विचारयोग्य रहेकाले यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकसित गरिँदै छ, तर जति विकास हुनु पर्ने हो, सो विकास दहचोकमा अझै भएको छैन । त्यसको लागि दहचोकगढीको महत्त्वमाथि व्याख्या विश्लेषण गरी यस गढीको ऐतिहासिक, सामरिक र पर्यटकीय महत्त्वबारे व्यापक छलफल गर्नु जरुरी छ । त्यसैको परिपूर्तिको लागि यो लेखको लेखन कार्य गरिएको छ । उपत्यका विजय गरिसकेपछि पनि पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा स्वयं उनले "मेरो मनशाय त राजधानी दहचोकगढीमा राख्ने विचार थियो; तर भाइ भारदारहरू नमानेका कारण बसन्तपुर दरबारलाई राजधानी बनाउनु पऱ्यो" (अधिकारी, २०७५ : ५१५) भनेर बोलेका छन् ।

मध्यकालीन ऐतिहासिक दहचोक गढीले वर्तमान समयमा आएर पर्यटकीय रूप धारण गरेको छ । भविष्यमा यो गढी ऐतिहासिक पर्यटनको केन्द्रविन्दू बन्न सक्ने प्रवल संभावना देखिएको छ । (रिजाल, २०८०/०२/२९) वीर कालु पाँडेको समाधिस्थल रहेको यो गढीबाट गोरखा देख्न सकिने भएको हुँदा वि.सं.१८१४ को पहिलो गोरखा-कीर्तिपुर युद्धमा उनले आफ्नो मृत्यु हुँदाका बखत मेरो सतगत दहचोकगढीमा लगेर गोरखा देखिने डाँडोमा गरिदिनू भनेका थिए । देहावसानको बेला उनको कुरालाई स्वीकार गरेर दहचोकको इन्द्रस्थानमाथि हाल समाधिस्थल रहेको स्थानमा गरिएको थियो । थानकोट-कलंकीको हाईवेबाट पश्चिमतर्फ हेर्दा यो दहचोकगढी जति अग्लो देखिन्छ, त्यहाँ गएर उपत्यका हेर्दा त्यो भन्दा दोब्बर अग्लो देखिन्छ । यस्तो दृश्यावलोकन हुनु नै यस दहचोक गढीको भौगोलिक विशेषता हो । एकीकरण कालमा नुवाकोटदेखि दहचोकसम्मको यात्रा विवरणबाट यस गढीको महत्त्वमाथि अझै प्रकाश पार्न सकिन्छ (ने.इ.सं.को भ्रमण : २०८०/०२/२५)

## अध्ययनको समस्या

नेपालका समग्र गढी, किल्लाहरू मध्ये अत्यन्त विशिष्ट स्थान बोकेको दहचोक गढीको अध्ययन अनुसन्धान भए पनि मनग्य मात्रामा हुन सकेको छैन । गढी किल्लाहरूको युद्धभ्यासको संस्कृतिलाई उजिल्याउन यो दहचोक गढीको अध्ययन पर्याप्त मात्रामा गरिनु पर्दछ । दहचोक गढीको ऐतिहासिक र पर्यटकीय विशेषता र महत्त्वलाई समेटेर यसै विषयमा सोधखोज गरी लेखिएका सामग्रीहरू पर्याप्त मात्रामा छैनन् र यिनै पक्षहरू प्रस्तुत अध्ययनसँग जोडिएका समस्याहरू रहेका छन् । यिनै अध्ययनका समस्याहरूको समाधान गर्ने अभिप्रायले यो लेखको संरचना गरिएको हो र सामरिक दृष्टिकोणले यति महत्त्वपूर्ण दहचोक गढीसम्बन्धी पर्याप्त जानकारी हुन नसक्नु नै यस अध्ययनको समस्या रहेको छ ।

## अध्ययनको उद्देश्य

गढी किल्लाको विशिष्ट स्थान, परम्परा र संस्कृतिसँग जोडिएका युद्धभ्यास तथा नेपाल एकीकरणको विषयलाई सोधखोज गरी प्रस्तुत अध्ययनसँग सम्बन्धित जिज्ञासाको समाधान र अनुसन्धानको अभाव परिपूर्ति गर्ने उद्देश्यले यो विषयको चयन गरी लेखको माध्यमबाट जानकारी गराउने लक्ष्यका साथ दहचोक गढीको

अध्ययन गर्ने उत्कट अभिलाषा राखिएको हो । अध्ययनको मूलभूत उद्देश्य नै दहचोक गढीको सामरिक तथा पर्यटकीय महत्त्वमाथि प्रकाश पार्नु रहेको छ ।

**अध्ययन-अनुसन्धान विधि**

यस अध्ययनमा प्रथम र द्वितीय दुवै प्रकारका स्रोत र सामग्रीको उपयोग गरिएकाले अध्ययन अनुसन्धानात्मक लेख विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुवन्धित छ । लेखको संरचना गर्दा सम्बन्धित अध्ययन क्षेत्रको अवलोकन र भ्रमण तथा अन्तर्वार्ता विधि प्रयोग गरिनुको साथै द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाटै संकलन गरिएका छन् । प्रस्तुत लेख प्राथमिक, मौलिक र द्वितीय स्रोतहरूको उपयोग गर्दै दुई वा सो भन्दा बढी स्रोतको बीचमा तुलना गरेर विश्वासयोग्य स्रोतको उपयोगसँगै ए.पी.ए.स्टाइलको प्रयोग र गुणात्मक विधिको उपयोग गरिएको छ ।

**अध्ययनको सीमा**

यो लेखको सीमा दहचोक गढीको सामरिक तथा पर्यटकीय महत्त्वमाथि केन्द्रित गरिएको छ । यस अध्ययनमा गोरखाली सैनिकको युद्ध रणनीति एवं युद्धभ्यास, दहचोकको भूगोल तथा सामरिक महत्त्वसँगै एकीकरणको झलकलाई औंल्याउँदै पर्यटकीय दृष्टिले किन दहचोक उपयुक्त किल्ला बन्न सक्यो भन्ने कुराको जानकारी दिने हेतुले दहचोक किल्लाको विशेष जानकारी गराउनु नै यस अध्ययनको सीमा तोकिएको छ ।

**नतिजा र छलफल**

यस लेखमा दहचोक किल्लाको यथार्थ जानकारी दिँदै गोरखा राज्यको उपत्यकामाथि विजय गर्ने वा एकीकरण अभियानलाई अगाडि बढाउने लक्ष्यका साथ बीर गोरखाली सैन्य शक्तिलाई उपयोग गरेर पृथ्वीनारायण शाहले उपत्यका विजय गर्ने उत्कट अभिलाषा पूरा गर्ने सपना साकार पार्नका लागि तयार गरेको युद्ध नीति, किल्लाको सामरिक महत्त्व र भूगोलको पर्यटकीय स्थानबारे जानकारी गराउनमा यो लेख लक्षित रहेको छ । दहचोकको ऐतिहासिक तथा पर्यटकीय महत्त्वको विषयलाई यहाँ क्रमशः व्याख्या विश्लेषण गरिएको छ :

## (क) दहचोकको भौगोलिक तथा सामरिक अवस्था

दहचोकगढीको अवशेषको रूपमा त्यसको वरिपरि निर्माण गरिएका खाडलहरू अझै पनि देख्न सकिन्छ । वास्तवमा यो दहचोकगढी सल्यानकोट, जाजरकोट र जुम्लाको भन्दा पनि महत्त्वपूर्ण ‘खलङ्गा’ हो । खलङ्गामा सामरिक महत्त्वका हातहतियार, रसदपानी र युद्धभ्यासका सबै सामग्रहीहरू रहने हुनाले अन्य किल्ला, कोट, गढ भन्दा यसको बढी महत्त्व रहेको छ । समुद्री सतहदेखि १,८४० मि. को उचाइमा अवस्थित दहचोकगढी काठमाडौंदेखि पश्चिमतर्फ चन्द्रागिरि नगरपालिकाको पहिलो रमणीय १ नं. वडाको रूपमा रहेको छ । यो गढीको भौगोलिक स्थिति २७ ° ०३ ' २३ " उत्तरी अक्षांश तथा ८५° ४३ ' ०३ " पूर्वी देशान्तरमा पर्दछ । दहचोकगढीदेखि दक्षिणतर्फ सांस्कृतिक र पुरातात्त्विक महत्त्वको इन्द्रदह अवस्थित छ । यस दहको वरिपरि गणेश तथा अन्य विविध देवीदेवताहरूका मन्दिरहरू रहेका छन् । इन्द्रजात्रा र अघिल्लो दिन यहाँ वर्षेनी ठूलो स्थानीय मेला लाग्दछ । (अधिकारी, २०७९ : १४४)

गोरखाधिपति पृथ्वीनारायण शाहको युद्ध योजना र सञ्चालन गर्ने एक तले सानो निवास यहीँ दहचोकमा रहेको थियो । उनले स्थापना गरेको देवीको मन्दिर हालसम्म पनि यथावत् रूपमा रहेको हुनाले दहचोकगढीको निकै ठूलो स्थान रहन गएको छ । वर्तमान कालमा आएर दहचोक खलङ्गाको शिरमा वीर कालु पाँडेको समाधिस्थल र मनकामना मन्दिरको स्थापना हुँदा यसको पर्यटकीय महत्त्वमा वृद्धि भएको छ । काठमाडौंमा मनाइने प्रशिद्ध पर्व (जात्रा) इन्द्रजात्राका दिन यहाँको इन्द्रदहमा पनि ठूलो मेला लाग्ने र मानिसहरूको निकै भीड हुन्छ । दहचोकगढी निकट तत्कालीन एकीकरणको समयमा सेनापति रहेका कालु पाँडेको समाधिस्थल रहनुको साथै उनको पूर्ण कदको सालिक राखिएको हुनाले पृथ्वीनारायण शाहको दाहिने हात मानिएका वीर कालु पाँडेले नेपाल एकीकरणमा देखाएको वीरताको रहस्योदघाटन गराएको छ । (अधिकारी : ऐजन्)

दहचोकगढीमा गोर्खाको मनकामना मन्दिरलाई पनि प्रतिष्ठापित गरिएको छ । दहचोकगढीको पूर्व २ कि.मि. को दूरीमा पोखराको विन्दवासिनीको मन्दिर छ र यस मन्दिरले दहचोकगढीको धार्मिक तथा पर्यटकीय महत्त्वमा विशेष जोड दिएको छ । दहचोक डाँडा र यो विन्दवासिनी मन्दिरका वीचमा अवस्थित ठूलो चौर प्राकृतिक दृष्टिकोणले अत्यन्त रमणीय रहेको छ । यो चौर वाडभञ्ज्याङ्ग, थानकोट, भीमढुङ्गालगायत उपत्यकाबासीहरूको पिकनिक स्पोर्ट पनि हो । वास्तवमा गोर्खालीहरूले रुचाएको यो दहचोकगढी कान्तिपुर, ललितपुर, भक्तपुर, राज्य जित्नको लागि निर्माण गरिएको थियो । यो दहचोकगढी खलङ्गा गढीको उपयोग एवं प्रयोग सिन्धुलीगढीको अंग्रेजसँगको युद्धभ्यास, मकवानपुरगढी, हरिहरपुरगढी र चिसापानीगढी विजय गर्नको लागि भएको थियो । यो गढी उच्चस्थल हुनुको साथै पर्यटकीय दृष्टिले पनि अत्यन्त रमणीय छ । यो सैनिक एवं सामरिक दृष्टिकोणले अझ बढी महत्त्वपूर्ण किल्ला बनेको थियो । त्यतिबेलाको साम्राज्यवादी युगमा नेपाल राष्ट्रलाई समृद्ध बनाउन एकीकरणको योगदान दिएर मुलुकको आर्थिक विकासका लागि दिएको अर्ति-उपदेश वर्तमानमा पनि लाभप्रद र उपयोगीमूलक मान्न सकिन्छ । आर्थिक विकासको दृष्टिले पनि दहचोक राजधानी बनाउनु उपयुक्त थियो (अधिकारी, २०७७ : ४५३) ।

यदि पृथ्वीनारायण शाहले यो गढीमा राजधानी बनाएर उनको दिव्य उपदेशअनुसार कान्तिपुर र ललितपुर तथा भक्तपुर शहरको उर्वर भूमिमा सघन कृषि प्रणालीको व्यवस्था गरेको भए; यी तीन शहरको जग्गाको उब्जनी फसलले नेपालका आधाभन्दा बढी जनसंख्याको भरणपोषण हुन सक्तथ्यो । पृथ्वीनारायण शाह उब्जनी हुने जग्गामा खेती गर्ने र उब्जनी नहुने डाँडाकाँडाहरूमा मानिसहरूको बस्ती बसाल्ने पक्षमा रहेका थिए भन्ने कुरा उनको दिव्य उपदेशबाट खुलासा हुन्छ । दहचोक खलङ्गा सेनाको बासस्थान हुनुको अतिरिक्त तालिम गर्ने क्षेत्र पनि थियो । यो गढी सैनिक प्रयोजनको लागि प्रयोग गरिएको महत्त्वपूर्ण क्षेत्र पनि भएकाले एकीकरणको इतिहासमा यसको महत्त्वपूर्ण स्थान रहेको छ । (अधिकारी, *पूर्ववत्,* पृ. १४५) पृथ्वीनारायण शाहको निधनपश्चात् यस दहचोकगढीको महत्त्वमा कमी आएको हो । युद्धको लागि सबै खरखजाना बसन्तपुर दरबारबाट हुने गरेपछि यस गढीको महत्त्व घट्न थालेको थियो । एकीकरण कालमा नुवाकोटगढी भन्दा पनि बढी महत्त्व यस गढीलाई दिइएको थियो (वैद्य, सन् १९९३ : १३३-१३४) ।

दहचोकमा किल्ला र दरबार बनाउने राष्ट्र निर्माताको चिराकांक्षा रहेको कुरालाई माथिनै प्रकाश पारिएको छ । यही स्थानबाट राष्ट्र निर्माताले काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, चौतारा, साँगाचोकगढी, मकवानपुर राज्य, सिन्धुली, तिमाल, कीर्तिपुर र अन्ततः कान्तिपुर राज्य विजय गरेर मात्र उनी त्यहाँबाट हनुमानढोका दरबारमा सरेका थिए । गोरखाधिपति राजा सिङ्गो नेपाल निर्माण गर्ने अभियानमा सम्लग्न रहेर नुवाकोटदेखि दहचोकसम्म आएका थिए । भनिन्छ कि, यदि उनको दिव्य उपदेशलाई वर्तमान नेपालले अवलम्बन गर्ने हो

भने नेपाल अझै पनि उन्नति र प्रगतिको चरमचूलीमा पुग्ने थियो । पृथ्वीनारायण शाह यस्ता दूरदर्शी शासक थिए, जसको राजनीतिक विचार र कूटनैतिक चातुर्यतालाई आजको नेपालले अनुशरण गर्न आवश्यक देखिएको छ । मध्यकालीन काठमाडौं उपत्यकाका तीन सहर तथा वरपरका काभ्रे र सिन्धुपाल्चोकस्थित महत्त्वपूर्ण गढी, किल्ला, कोट एवं सामरिकस्थलहरूको विवरण तल तालिका नं. १ मा दिइएको छ :

**तालिका नं. १**

**मल्लकालीन तीन शहरका अधीनमा रहेका सामरिक महत्त्वका स्थलहरू**

| कान्तिपुर | भक्तपुर | ललितपुर/पाटन | सिन्धुपाल्चोक | काभ्रेपलाञ्चोक |
|---|---|---|---|---|
| कपनगढी, थाना मुडिखुगढी, नागर्जुन किल्ला, बज्रनारायण किल्ला, स्वयम्भू किल्ला, चोभार किल्ला, कीर्तिपुर, कपनगढी, दहचोक खलङ्गागढी, | रानीकोटगढी (बोकाचोकगढी), जहरसिंहपौवायुद्धस्थल, मूलकोटगढी,नगरकोट, बालकोट, | फूलचोकी किल्ला, टीकाभैरव किल्ला, तालबेहट किल्ला, बालकुमारी,बटुकभैरव, श्रीमहालक्ष्मी, खड्गयोगिनी, दुर्लुङकोट, लेलेकोट, चामुण्डादेवी किल्लाहरू | दुगुनागढी, लिस्तिकोट, साँगाचोकगढी, | पलाञ्चोकगढी, भमरकोट, फूलबारीकोट, (कानाकोट) तिमालकोट, फष्कोट, चौकोट, काभ्रेगढी वा पृथ्वीगढी, |

## (ख) दहचोकको ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय स्थिति

दहचोक खलङ्गा सैनिक तथा गैह्रसैनिक दुबैले बसोवास गर्ने गरी बनाइएको र आक्रमणको वचावट गर्ने उद्देश्यले निर्माण गरिएको बजार सुविधासहितको सुरक्षित स्थान थियो । दहचोक किल्ला काठमाडौंदेखि पश्चिमको डाँडोमा रहेको बलियो किल्ला भएकोले वि.सं. १८११ श्रावणको दोस्रो हप्तातिर गोरखाली फौजले कान्तिपुरे फौजलाई पराजित गरी यस गढीमाथि कब्जा जमाएका थिए । तत्पश्चात् पृथ्वीनारायण शाहले यस गढीक्षेत्रको इन्द्रदहलाई सैनिक आधार क्षेत्र र खलङ्गा बनाएर सेनाको व्यारेक, तालिमस्थल, चाँदमारीस्थल, थुप्रै गढीहरू, देवी मन्दिर र आफ्नो सानो बासस्थान घर बनाएका थिए । (आचार्य, २०३९ : १६४) कालु पाँडेले सन् १८१४ मा कीर्तिपुरको युद्धमा वीरगति प्राप्त गरेपछि यही दहचोकगढीबाट उपत्यकामाथि आर्थिक नाकाबन्दी लगाउन पृथ्वीनारायण शाहले ४ वटा रणनीति क्रमशः आर्थिक नाकाबन्दीको नीति, जासूसी नीति, तीन मल्ल राज्यहरूमा बैमनस्यता कायम गर्ने नीति र मल्ल कर्मचारीहरूलाई आफ्नो पक्षमा मिलाउने र परस्परमा फूटाउने नीतिको अवलम्बन गरेका थिए (अधिकारी, २०७५ : ९२-९६) ।

दहचोक डाँडोमा अवस्थित रहेर समथर भू-भाग र खानेपानीका लागि मूलसमेत भएकाले सैनिक दृष्टिकोणबाट यो क्षेत्रलाई खलङ्गा चयन गरिएको थियो । नेपाल एकीकरणको अभियानमा नुवाकोट किल्लापछि यस दहचोक किल्लाको निर्माण गरिएको थियो । यही दहचोकगढीबाट गोरखाली वीर सेनापति कालु पाँडेको सैनिक नेतृत्वमा पहिलो पटक कीर्तिपुर किल्लामाथि हमला गरिएको थियो । साँच्चै भन्ने हो भने पृथ्वीनारायण शाहले वि.सं. १८११ को श्रावण महिनादेखि १८२५ को इन्द्रजात्राको दिनसम्मको १४ वर्ष यही स्थानमा बसेर विभिन्न युद्धहरू सञ्चालन गरेका थिए । (अधिकारी : *ऐजन्* ) नेपाल-अंग्रेज युद्धको युद्धभ्यास पनि यही दहचोकगढीबाट गरिएको हो (वैद्य, मानन्धर र जोशी, सन् १९९३ : ८८-८९) । त्यसैगरी उपत्यका तीन सहर विजय गर्ने

रणनीतिको तयारी पनि यही दहचोकगढीबाट भएको थियो । सिन्धुलीगढीको युद्ध र कीर्तिपुरको युद्धपछि दहचोकगढी खलङ्गाको रूपमा परिणत भएको हो ।

जसरी एकीकरणको इतिहासमा गोर्खा दरबारपछि नुवाकोट दरबारको महत्त्व रहेको छ; त्यसैगरी इन्द्रदहस्थित दहचोकगढीको पनि त्यत्तिकै महत्त्व रहेको छ । टुक्रा टुक्रामा विभाजित नेपालभित्रका स-साना भूरे टाकूरे राज्यहरूदेखि लिएर विदेशी ठूला-ठूला शक्तिको रूपमा रहेको अंग्रेज विरुद्धको युद्धसमेत यही दहचोकगढीबाट सञ्चालन गरिएको थियो । वि.सं. १८१९ माघ १० गतेको बंगालका मुसलमान मीरकाशीम विरुद्धको नेपाल-मुगल युद्ध र वि.सं.१८२४ आश्विन १९ को क्याप्टेन किनलक नेतृत्वको अंग्रेज फौज विरुद्धको नेपाल-अंग्रेज युद्ध पनि यही दहचोकबाट सञ्चालन गरिएको हुनाले स्वदेशी तथा विदेशी युद्ध सञ्चालनको प्रमुख गढ तथा गढी नै दहचोकगढी रहेका कारण यस गढीलाई खलङ्गा भन्न थालिएको थियो । प्रारम्भमा एक सैनिक टुकडी र चोकगढीको रूपमा रहेको दहचोक कीर्तिपुर विजयपछि दहचोक खलङ्गाको रूपमा देखापरेको थियो ।

पृथ्वीनारायण शाहले ज्योतिष हेराउँदा पनि कान्तिपुर हनुमानढोका दरबारभन्दा पनि उत्तम र लक्षिणको क्षेत्र दहचोकगढी भएकाले यहाँबाट गोरखाली युद्ध सञ्चालन गरिएकोले दहचोकको महत्त्वपूर्ण स्थान रहेको छ । यो क्षेत्र गोरखालीको लागि असाध्यै फापेको क्षेत्र भएकाले पृथ्वीनारायण शाह कान्तिपुरको बदलामा यहाँ राजदरबार बनाउन चाहन्थे तथापि अल्पायुमैं उनको निधन भएकाले सपना अधूरो रह्यो । कीर्तिपुरको पहिलो युद्धमा वीरगति प्राप्त गरेका पृथ्वीनारायण शाहका दाहिने हात मानिएका काजी कालु पाँडेले मृत्यु पूर्व युद्धको मैदानबाट आफ्नो शवलाई गोर्खा देखिने स्थानमा समाधि गरिदिनु भनेको हुँदा उनको इच्छा मुताविक गोर्खा देखिने इन्द्रदह माथिको दहचोक डाँडामा समाधिस्थल बनाइएको हो । उपत्यका र गोरखा देखिने दहचोकगढीको महत्त्व उपरोक्त विविध घटनाक्रमले गर्दा विशेष रूपमा रहन गएको छ ।

## (ग) दहचोकको युद्ध र योद्धाहरू

गोर्खाली फौजले कान्तिपुरका फौजलाई वि.सं.१८११ सालको श्रावणको दोस्रो हप्तातिर पराजित गरी यो दहचोकगढीमाथि अधिकार कायम गरेका थिए । उपत्यका निकटका लामिडाँडा, दहचोक, थानकोट, बलम्बु, सतुङ्गल आदि क्षेत्रहरू विजय गर्नासाथ पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि चढाई गर्न खोज्दा दहचोकगढीका संरक्षक हरिवंश उपाध्याय, ज्योतिष कुलानन्द ढकाल र विश्वासी सेनापति कालु पाँडेले त्यतिबेला उपत्यका तीन सहरका जनता परस्परमा मिलेका कारण यतिबेला आक्रमण गर्न उपयुक्त समय नभएको निष्कर्ष निकाल्दा पनि पृथ्वीनारायण शाहको जिद्दीका कारण युद्ध हुन गएको ऐतिहासिक तथ्य फेला पर्दछ । स्वयं पृथ्वीनारायण शाहले कालु पाँडेतिर फर्केर "तँ लडाईंमा मर्न गाह्रो मान्दोरहिछस्" भनेका छन् । भनिन्छ, कालु पाँडेले पनि अवश्य यस युद्धमा मेरो मृत्यु हुन्छ भन्ने ठानेर तुलसीपत्र, जौ तिल आफ्नै साथमा लिएर गएका थिए र आफ्नो परिवारको जिम्मा पृथ्वीनारायण शाहलाई लगाएका थिए (अधिकारी, २०७७ : ४४६) । नेपाल एकीकरण अभियानमा रहेका पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि पहिलो पटक आक्रमण गर्दा गोरखाली सेना र कीर्तिपुरे सेनाबीच बल्खु खोला किनारमा घमशान युद्ध भयो । गोर्खा राज्यका तर्फबाट करबि १,२०० सैनिकले कीर्तिपुर किल्लामाथि तीनतिरबाट आक्रमण गरे । पृथ्वीनारायण शाह आफैं आक्रमणको कमान्ड गररिहेका बेला कीर्तिपुरस्थित ३०० सेनालाई सहयोग गर्न काठमाडौं, ललितपुर र भक्तपुरबाट कीर्तिपुरको सहयोगार्थ आएका मल्ल राज्यहरूका सेनाले गोरखाली सेनामाथि भीषण आक्रमण गरे । गोर्खाली सेनाले तीन थानातिरबाट आक्रमण गर्दा बल्खु खोलाको तीरमा दुबैका बीचमा ६ घण्टासम्म काटाकाट-मारामार चल्यो ।

धेरै गोरखाली सैनिकले वीरगति प्राप्त गरे र पृथ्वीनारायण शाह स्वयं कीर्तिपुरवासीको कब्जामा परे । राजवध गर्न नहुने नैतिक  नियमका कारण मात्र उनी बाँच्न सफल भएका थिए ।

गोरखालीहरूका सेनानायक पृथ्वीनारायण शाहका विश्वासी पात्र मानिएका वीर कालु पाँडे यही कीर्तिपुरको युद्धमा मारिएका थिए । उनको पुत्र देवान काजीसाहेब वंशराज पाँडे, सरदार रणसुर पाँडे र मुलकाजी साहेब दामोदर पाँडे  हुन् । दामोदर पाँडे नेपालका प्रथम मुख्तियार हुन् । काजी रणदल पाँडे र मुख्तियार रणजंग पाँडे उनका नातिहरू हुन् । उनकी एकमात्र सुपुत्री चित्रावती देवीको विवाह सेनापति बडावीर शिवरामसिंह बस्न्यातका माहिला छोरा काजी केहरसिंह बस्न्यातसँग भएर सोही वैवाहिक सम्बन्धको माध्यमबाट “पाँडेको ढाल, बस्नेतको तरबार” बनाइएको थियो । हाल दहचोकमा पाँडेहरूको समूहले आफ्ना पूर्वज वीर कालु पाँडेको वीरता र धिरताको लागि आफ्नो पुर्ख्यौली अस्तित्व कायम गर्दैआएका छन् । उक्त कुरालाई कालु पाँडेको सम्झनामा निर्माण गरिएको समाधिस्थलले पुष्टि गर्दछ । वि.सं. १८१४ देखि १८२२ सम्मको कीर्तिपुरको पहिलो दोस्रो र तेस्रो युद्ध तथा वि.सं. १८१९ को मकवानपुरगढीमाथिको युद्ध, मीरकाशीम विरुद्ध र किनलक विरुद्धको क्रमशः वि.सं.१८१९ र १९२४ का युद्धहरूको सञ्चालन क्षेत्र यही दहचोकगढी रहेकाले यो क्षेत्र नेपाल एकीकरणको इतिहासमा अत्यन्तै महत्त्वपूर्ण क्षेत्रको रूपमा दर्ता भएको छ (जंगी अड्डाको बुलेटिन : २३१) ।

काठमाडौं उपत्यकाका तीन राज्यहरू तथा उपत्यका वरपरका प्रायः सबै क्षेत्रहरूको युद्धमा युद्धभ्यासको तयारी यही दहचोक क्षेत्रबाट गरिएकाले यो क्षेत्र सामरिक तथा रणनैतिक दृष्टिकोणले अत्यन्त उर्वर भूमिका रूपमा देखापरेको थियो । यही दहचोकगढीलाई अस्थायी राजधानी बनाएर राष्ट्र निर्माता पृथ्वीनारायण शाह लामो सयमसम्म यहाँ बसेका थिए । वीर कालु पाँडेको अन्तिम दाहासंस्कार यही दहचोकगढीमा गरिएको थियो । आज पनि नेपाल सरकारले यो ऐतिहासिक दहचोक गढीक्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकसित गर्ने योजना बनाएको छ । यस दहचोकगढी क्षेत्रले आफ्नौ ऐतिहासिक तथा पर्यटकीय महत्त्वलाई उजागर गर्न थालिसकेको छ । जंगी अड्डा : *ऐजन्)*  सामरिक किल्ला, गढी र खलङ्गाको महत्त्व बोकेको दहचोकगढी जानको लागि नागढुङ्गाबाट पैदल हाइकिङ्ग गरेर, कलंकीको खड्का गाउँ हुँदै कंकाली मन्दिरको बाटो र स्वीट्जरल्याण्ड पार्कको बाटो भएर, कलंकी नैकाप किटनी भञ्ज्याङको बाटो भएर, थानकोट इन्द्रस्थानको बाटो, सीतापाइलाबाट रामकोट हुँदै, धादिङबाट झाँगाझिटी हुँदै जान सकिन्छ । दहचोकगढीमा मकै, कोदो, फलफूल आदिको खेती गरिन्छ । यहाँ गिरी, तामाङ र ब्राह्मण र क्षत्रीहरूको वाहुल्यता रहेको छ ।

यस दहचोकगढीको भौगोलिक र सामरिक महत्त्वलाई बुझेर राष्ट्र निर्माताले रुचाएको दहचोकगढी किल्ला मात्र नभएर पर्यटकीय दृष्टिकोणबाट पनि मनोरम र आन्तरिक तथा बाह्य पर्यटकहरूको मनै लोभ्याउने आकर्षणको स्थल बन्न पुगेको छ । पर्यटकहरू दहचोकगढीको दृश्यावलोकन गर्न र वीर योद्धा कालु पाँडेको समाधिस्थल तथा त्यो भन्दा माथिको डाँडाबाट चारैतिर देखिने दृश्यहरू हेर्नका लागि दहचोकको भ्यू-टावरमा विदेशी तथा स्वदशी पर्यटकहरूको ओहिरो लाग्ने गरेको छ (पन्त, २४१ : १४३) । दहचोकगढीदेखि २ कि.मि.पूर्वको नवनिर्मित विन्दवासिनी मन्दिरले दहचोकगढीलाई थप आकर्षण बढाएको कुरालाई स्वीकार गर्न सकिन्छ । यहाँका मुख्य पर्यटकीय स्थलहरूमा कोतघर, भ्यू-टावर, स्वीट्जरल्यान्ड पार्क, इन्द्रदह, कालु पाँडेको समाधिस्थल, मनकामना मन्दिर, विन्दवासिनी मन्दिर, ३ वटा कोतगाउँ र बौद्धगुम्बा तथा होटल, लज, रिसोर्ट आदि रहेका छन् । जीप, बस, साना, ठूला गाडिहरूबाट सजिलै दहचोक पुग्न सकिन्छ । हाल यो क्षेत्र

पर्यटकहरूको रोजाइमा पनि पर्न गएको छ । यहाँ होटल, लज र भ्यू टावर भएका कारण युवा युवतीहरूको घुम्न जाने र एक रातको बास बस्ने गन्तव्य बन्न गएको छ ।

## निष्कर्ष

दहचोकगढीसँग उपत्यका वरपरका सबै गढी किल्लाहरूको तादाम्यता कायम रहनुको साथै गोरखालीको नेपाल एकीकरण र उपत्यका विजय गर्ने तीव्र अभिलाषासँग सानिघ्यता जोडिएको छ । दहचोक र इन्द्रस्थानसँग गोरखाली वीर कालु पाँडे उनका सन्तानहरूको जीवन-मरणको सम्बन्ध गाँसिएको छ । गोरखाधिपति पृथ्वीनारायण शाहले यही दहचोकगढीको युद्धभ्यासबाट उपत्यकालगायत उपत्यका बाहिरका थुप्रै इलाकाहरू विजय गरेका कारण दहचोकगढी एकीकरण गर्ने मुटुको स्थान बनेको थियो । तसर्थ यो गढी नेपालको आधुनिक इतिहासमा अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक तथा पर्यटकीयस्थल बन्न पुगेको र सामरिक दृष्टिले पनि उपयुक्त भएको स्मरणयोग्यस्थल भन्नमा अतिशयोक्ति हुने छैन । हाम्रा वीर पुर्खाले आर्जेको स्वतन्त्र नेपाल राष्ट्र तथा नेपालीको अस्तित्व कायम गराउनमा यो गढी क्षेत्रले ठूलो योगदान दिएकाले समग्रमा भन्नुपर्दा दहचोकगढी नेपाल राष्ट्रको ऐतिहासिक तथा पर्यटकीय धरोहर हो । यो दहचोकगढी/खलङ्गा नेपाल एकीकरणकालीन अत्यन्त महत्त्वपूर्ण सामरिक दस्तावेज हो ।

नेपालका सामरिक किल्ला, कोट, गढी, खलङ्गाहरू मध्येमा प्यूठानको खलङ्गा, जाजरकोट खलङ्गा, दार्चुला खलङ्गा, जुम्ला खलङ्गा र सल्यानको खलङ्गा भन्दा विशेष महत्त्वपूर्ण खलङ्गाको रूपमा दहचोक खलङ्गा रहेको थियो । इतिहासको भाषामा खलङ्गा भनेको सैनिक टुकडी मात्र नभएर व्यवस्थित ब्यारेक भन्ने बुझिन्छ । विशेषगरी नेपाल एकीकरणको इतिहासमा नुवाकोट किल्ला, बेलकोट किल्ला हुँदै अनेकौं सामरिक किल्लाहरूको सामरिक दृष्टिकोणले महत्त्वपूर्ण किल्लाको रूपमा दहचोक किल्लालाई एकीकरणको प्रथम चरणमा नै खलङ्गाको रूपमा विकास गरिएको थियो । खासगरी दहचोक किल्लामा धेरै नेपाली सैनिक एवं बीर योद्धाहरूले ज्यान गुमाएका छन् । ती ज्यान गुमाउने योद्धाहरूको अनुसन्धान हुन बाँकी नै छ । दहचोक किल्लाको महत्त्व बुझेर एकीकरणका शिलान्यासकर्ता पृथ्वीनारायण शाहले विशाल नेपालको राजधानी दहचोकमा राख्ने विचार गरेका थिए । आर्थिक दृष्टिकोणले पनि उपत्यकाको तीन सहरमा सघन कृषि प्रणाली लागू गरेर दहचोक राजधानी बनाउनका लागि योग्य मानिएको थियो ।

**एकीकरणमा वीरगति प्राप्त गर्ने वीर योद्धाहरूको विवरण यस प्रकार रहेको छ :**

**तालिका नं.- २**


**नेपाल एकीकरण र प्रतिरक्षा गर्दा वीरगति प्राप्त गर्ने व्यक्तिहरू**

| | वीरगति प्राप्त गर्ने योद्धा | स्थान | | वीरगति प्राप्त गर्ने योद्धा | स्थान |
|---|---|---|---|---|---|
| १. | **काजी कालु पाँडे** | **कीर्तिपुर (वि.सं. १८१४** | २. | सेनापति शिवरामसिंह बस्नेत | साँगाचोकको छालिङ |
| ३. | सरदार भक्ति थापा | देउथल वि.सं. १८७१ | ४. | काजी तुलाराम पाण्डे | कान्तिपुर |
| ५. | काजी नयनसिंह थापा | अल्मोडा | ६. | जयकृष्ण कुँवर | तिमालको लडाइँमा |
| ७. | परशुराम थापा | समनपुरको लडाइँमा | ८. | चौतरिया हस्तिदल शाही | कुमाउँको युद्धमा |
| ९. | भीमसिंह थापा | पलाञ्चोकको लडाइँमा | १०. | सरदार गन्दर्भ राना | काँगडाको लडाइँमा |
| ११. | भाष्कर राना | दिगर्चाको लडाइँमा | १२. | उत्तिम शाही | गढवालको युद्धमा |

नेपालको सामरिक किल्लाको इतिहास पृष्ठ, १७३ बाट साभार ।

## अध्ययनस्थलको फोटो-चित्र


काजी कालु पाँडे


कालु पाँडे समाधिस्थल


चौकेटार दहचोक डाँडा


का.जि. साविक-


चौकेटार दहचोक डाँडा



स्वीट्जरल्याण्ड पार्क


दहचोकको इन्द्रस्थान,


दहचोकको मनकामना मन्दिर


कालुपाण्डे समाधिस्थल





**इन्द्रदह र स्वीट्जरल्याण्डपार्क काजी कालुपण्डे पार्क दहचोकको उपत्यका हेर्ने भ्यू टावर**

अध्ययनस्थलमा लेखक स्वयंले स्थलगत अध्ययन गरी लिएको फोटो-चित्रहरू ।

## सन्दर्भ सामग्रसूची

### नेपाली पुस्तकहरू


अधिकारी, बमबहादुर (२०७९). *नेपालका सामरिक किल्लाहरूको इतिहास.* काठमाडौं : पदम कुमारी पौडेल ।

अधिकारी, बमबहादुर (२०७८). *पृथ्वीनारायण शाह र नेपाल एकीकरणको इतिहास.* काठमाडौं : पदम कुमारी पौडेल ।

अधिकारी, बमबहादुर (२०७५). *आधुनिक नेपाल राष्ट्रका निर्माता श्री ५ पृथ्वीनाराणण शाह.* काठमाडौं : डिकुरा पब्लिकेसन ।

अधिकारी, बमबहादुर (२०७७). *नेपालको बृहत् इतिहास.* काठमाडौं : पदम कुमारी पौडेल ।

अधिकारी, बमबहादुर (२०७५). *आधुनिक नेपालको इतिहास.* काठमाडौं : डिकुरा पब्लिकेसन ।

पन्त, दिनेशराज (२०४१). *गोर्खाको इतिहास. पहिलो भाग.* काठमाडौं : दिनेशराज पन्त ।


## English Books


Vaidya, T. R. Manandhar, T. R. & Joshi, S. L. (1993). *Social History of Nepal*. New Delhi: Anmol Publications.

Vaidya, Tulsi Ram (1993). *Prithvi Narayan Shah The Founder of Modern Nepal.* Kathmandu: Educational Publishing House.


### लेखहरू


आचार्य, बाबुराम (२०३९). गोरखा विजयकालका घटना, *पूर्णिमा,* पूर्णाङ्क २७, आश्विन, पृ. १६४ ।


### अन्तर्वार्ता


ने.इ.संघका सदस्य एवं चन्द्रागिरि न.पा. वडा नं. ८, मातातीर्थ निवासी श्री रवीन्द्र रिजालसँग मिति २०८०/०२/२६ गते लिएको अन्तर्वार्तानुसार ।

मिति २०८०/०२/२५ गते नेपाल इतिहास संघका पदाधिकारीसँग राष्ट्रिय गोष्ठीको तयारीका लागि भ्रमण अवलोकन गरेका आधारमा ।


### भ्रमण तथा अध्ययन-अवलोकन


लेखकको घरको उत्तरतर्फ रहेको दहचोकगढी क्षेत्रको पटक-पटक गरिएको अध्ययन, अवलोकन र भ्रमणको आधारमा ।


### दस्तावेज तथा बुलेटिन


जंगी अड्डा श्री मध्य-पूर्वी-पश्चिम पृतना हेड क्वाटर्सवाट प्राप्त दस्तावेज तथा बुलेटिनका आधारमा ।